"हाम्रो कला हाम्रो संस्कृति, मध्यपुर थिमि हाम्रो सम्पत्ति"
स्थानीय सरकार
मध्यपुर थिमि नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
थिमि भक्तपुर , वागमती प्रदेश, नेपाल

सूचनाको हक सम्बन्धी ऐन,२०६४ को दफा ५(३) र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको सूचना

(मिति २०८१ कार्तिक १ गते देखि मिति २०८१ पौष मसान्त सम्मको विवरण)

(१) नगरपालिकाको स्वरुप र प्रकृतिः

मध्यपुर थिमि नगरपालिका वि.स. २०५३ साल चैत्र १४ गते स्थापना भई विभिन्न समयमा जारी भएका कानुन बमोजिम तोकिएका कार्य, जिम्मेवारी सहित अविछिन्न सेवा प्रवाह गर्दै आएको छ । स्थानीय स्वायत्त शासन ऐन, २०५५ हुँदै नेपालको संविधान २०७२ ,स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम संघीय संरचना अन्तर्गत स्थानीय सरकारको रुपमा अवस्थित नगरपालिका हो ।

(२) नगरपालिकाको काम, कर्तव्य र अधिकारः

यस नगरपालिका नेपालको संविधानको अनुसूची–८ मा स्थानीय तहको एकल अधिकारको सूची र अनुसूची–९ मा संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूची, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, संघ र वागमती प्रदेशले कानून बमोजिम स्थानीय तह सम्बन्धी जारी गरिएका ऐन, नियम तथा अन्य कानूनी प्रबन्धहरु, समय समयमा जारी हुने परिपत्रहरु एवं नगरपालिकाको स्थानीय कानूनहरु, ऐन, नियमावली, कार्यविधी, निर्देशिका, मापदण्ड, मार्गदर्शन र निर्णयहरु समेतले तोके बमोजिमको काम, कर्तव्य र अधिकार निर्दिष्ट छ ।

(३) नगरपालिकामा रहने कर्मचारी विवरणः

यस नगरपालिकामा स्थायी, करार, समायोजन भई आएका, कामकाजमा खटिएका कर्मचारीहरुको संख्या, कर्मचारीको सेवा, समुह, तह समेतको विस्तृत विवरण र नगरपालिकाको संगठन संरचना समेत नगर सभाबाट स्वीकृत भए बमोजिम काम कारवाही भइरहेको छ । कार्यरत पदाधिकारी एवं कर्मचारीहरुको विवरण यस नगरपालिकाको वेबसाइट **www.madhyapurthimimun.gov.np** मा समेत राखिएको छ ।

(४) नगरपालिकाबाट प्रदान गरिने सेवाः

नेपालको संविधान,स्थानीय सरकार सञ्चालन ऐन, २०७४, संघ र बागमती प्रदेश कानून बमोजिम स्थानीय तह सम्बन्धी जारी गरिएका ऐन, नियम तथा समय समयमा जारी हुने परिपत्रहरु एवं यस नगरपालिकाको स्थानीय

स्थानीय सरकार
मध्यपुर थिमि नगरपालिका
२०७३

कानुनहरु (ऐन, नियमावली, कार्यविधी, निर्देशिका, मापदण्ड समेत), निर्णयहरु तथा नगरपालिकाको अविछिन्न अभ्यासहरुको अधिनमा रही स्थानीय सरकारको रुपमा सेवा, सुविधाहरु प्रदान गरिरहेको छ ।

(५) सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी:

यस नगरपालिकाबाट सेवा सुविधा प्रवाह गर्न ४ वटा महाशाखाहरु, २२ वटा शाखाहरु, ९ वटा वडा कार्यालयहरु, १ वटा अस्पताल , नगर प्रहरीबल ईकाइ , २ वटा आयोजना, कार्यक्रम तथा अन्य कार्यालयहरु रहेका छन । नगरपालिकाको प्रमुख, उप–प्रमुख, प्रमुख प्रशासकीय अधिकृत, प्रवक्ता, सूचना अधिकारी, महाशाखा प्रमुख, शाखा प्रमुख तथा जिम्मेवार पदमा कार्यरत अधिकारीको विवरण नगरपालिकाको **www.madhyapurthimimun.gov.np** वेबसाइटमा उल्लेख गरिएको छ ।

(६) सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि:

यस नगरपालिकाले प्रदान गर्ने विभिन्न प्रकारको सेवा सुविधामा लाग्ने शुल्क एवं कार्यमा लाग्ने समयावधी विवरण मध्यपुर थिमि नगरपालिकाले हरेक आर्थिक वर्षका लागि नगर सभाबाट जारी हुने आर्थिक ऐन, नीति, कार्यक्रम बजेट, स्थानीय सरकार सञ्चालन ऐन, २०७४,स्थानीय कानून, नागरिक वडापत्र समेतबाट निर्धारण गरिन्छ । यस सम्बन्धी व्यवस्था नगरपलिकाको वेबसाइट **www.madhyapurthimimun.gov.np** मा समेत उल्लेख गरिएको छ ।

(७) निर्णय गर्ने प्रक्रिया र अधिकारी:

यस नगरपालिकाको नगर सभा, नगर कार्यपालिकाको बैठक, संघीय, बागमति प्रदेश कानून र स्थानीय ऐन, नियमावली, कार्यविधी, निर्देशिका, मापदण्ड, प्रचलित अभ्यासहरु तथा समय समयमा हुने निर्णयहरुको अधिनमा रही प्रमुख, उप–प्रमुख, प्रमुख प्रशासकीय अधिकृत मार्फत निर्देशित कार्यसम्पादन गर्नका निमित्त नगर सभाबाट संगठन संरचना अनुसारको पदीय जिम्मेवारीमा रहने कर्मचारीहरुको कार्यविवरण स्पष्ट तोकिएको छ ।नगरपालिकाको नीतिगत निर्णय लिने, आवश्यक मार्गदर्शन दिने र कार्यालयबाट हुने काम कारवाहीलाई निरन्तर अनुगमन, नियन्त्रण गर्ने कार्य नगर सभा र नगर कार्यपालिकाको बैठकले गरेको निर्णय, अनुगमन समिति, अन्य संस्थागत संयन्त्रबाट समेत हुने गरेको छ ।

(८) गुनासो सुन्ने अधिकारी / निर्णय उपर उजुरी सुन्ने अधिकारी:

यस नगरपालिकाको काम कारवाही सम्बन्धमा सेवाग्राहीहरुको गुनासो तथा उजुरी सुन्नका लागि नगरपालिकाको प्रशासन तथा कानून महाशाखा प्रमुख केशब सिलवाललाई गुनासो अधिकारी तोकेको छ । निर्णय उपर उजुरी सुन्ने अधिकारीको हकमा (प्रचलित कानूनले ब्यबस्था गरे बमोजिम कार्यालय प्रमुख ,नगर प्रमुख) ।

स्थानीय सरकार मध्यपुर थिमि नगरपालिका २०७३

(९) सम्पादन गरेको कामको विवरणः

यस नगरपालिका नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, संघ, प्रदेश र स्थानीय कानुनले तोके बमोजिम स्थानीय सरकारको रुपमा नगरपालिकाले गर्न सक्ने सम्पूर्ण काम कारवाहीहरु गर्दै आईरहेको छ ।

(१०) कार्यालय प्रमुख र सूचना अधिकारीको नाम र पदः

कार्यालय प्रमुखको नाम : राम बहादुर के.सी

पद : प्रमुख प्रशासकीय अधिकृत

इमेल ठेगाना cao@madhyapurthimimun.gov.np

सम्पर्क नम्बर : ९८५१२७४१११

सूचना अधिकारीको नाम : केशब सिलवाल

पद : महाशाखा प्रमुख (प्रशासन तथा कानून महाशाखा)

सम्पर्क नम्बर : ९८५११२५०९०

इमेल ठेगाना : suchanaadhikari@madhyapurthimimun.gov.np

(११) ऐन, नियम, विनियम, कार्यविधी वा निर्देशिकाको सूचीः

मध्यपुर थिमि नगरपालिकासँग सम्बद्ध संघीय र प्रदेश कानून बाहेकका स्थानीय ऐन, नियमावली, विनियम, कार्यविधी र निर्देशिकाहरुको परिपालना गरिरहेको छ ।उक्त स्थानीय कानुनहरु स्थानीय राजपत्रमा प्रकाशन गरी यस्ता कानुनी प्रबन्धहरुको विस्तृत सूची नगरपालिकाको वेबसाइटमा www.madhyapurthimimun.gov.np राखिएको छ ।

१२ . आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरणः

यस नगरपालिकाको आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी विवरणहरु सवत् २०८१ कार्तिक १ गते देखि २०८१ पौष मसान्त सम्मको क्षेत्रगत बजेट तथा खर्च विवरण यस प्रकार रहेको छ ।

स्थानीय सरकार मध्यपुर थिमि नगरपालिका २०७३

# मध्यपुर थिमी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय, भक्तपुर
कार्यालयको कोड: ८०२३३४०३३००

### आय व्ययको विवरण

आ.व. : २०८१/८२ अवधी : २०८१/०७/०१-२०८१/०९/२९

**आय**

| शीर्षक | प्रस्तावित आय | वास्तविक आय | आम्दानी(%) | मौज्दात |
|---|---|---|---|---|
| संघीय सरकार | ६०,०१,४४,०००.०० | १५,६३,९९,५००.०० | २६.०६ | ४४,३७,४४,५००.०० |
| १३३११ समानिकरण अनुदान | २१,६२,००,०००.०० | ५,४०,५०,०००.०० | २५ | १६,२१,५०,०००.०० |
| १३३१२ शसर्त अनुदान चालु | २६,१४,४४,०००.०० | ६,६८,५५,५००.०० | २५.५७ | १९,४५,८८,५००.०० |
| १३३१३ शसर्त अनुदान पुँजीगत | ६,२०,००,०००.०० | २,०३,६९,०००.०० | ३२.८५ | ४,१६,३१,०००.०० |
| १३३१५ विशेष अनुदान पुँजीगत | ३,६०,००,०००.०० | ९०,००,०००.०० | २५ | २,७०,००,०००.०० |
| १३३१७ समपुरक अनुदान पुँजीगत | २,४५,००,०००.०० | ६१,२५,०००.०० | २५ | १,८३,७५,०००.०० |
| प्रदेश सरकार | १०,६६,११,०००.०० | ०.०० | ० | १०,६६,११,०००.०० |
| १३३११ समानिकरण अनुदान | २,३०,०७,०००.०० | ०.०० | ० | २,३०,०७,०००.०० |
| १३३१२ शसर्त अनुदान चालु | ३,२५,४४,०००.०० | ०.०० | ० | ३,२५,४४,०००.०० |
| १३३१३ शसर्त अनुदान पुँजीगत | १,६६,६०,०००.०० | ०.०० | ० | १,६६,६०,०००.०० |
| १३३१५ विशेष अनुदान पुँजीगत | ६५,००,०००.०० | ०.०० | ० | ६५,००,०००.०० |
| १३३१७ समपुरक अनुदान पुँजीगत | २,७९,००,०००.०० | ०.०० | ० | २,७९,००,०००.०० |
| राजस्व बाँडफाँड | ३५,८८,५०,५००.०० | १०,८० ११,९३८.९१ | ३०.१ | २५,०८,३७,५६१.०९ |
| ११३१५ घरजग्गा रजिष्ट्रेशन दस्तुर | २२,००,००,०००.०० | ७,०५,९३,५२०.०० | ३३.६१ | १३,९४,०६,४८०.०० |
| ११४११ बाँडफाँड भई प्राप्त हुने मूल्य | ७,३५,०२,०७४.०० | १,९७,७४,०१२.३९ | २६.९ | ५,३७,२८,०४१.६१ |

**व्यय**

| शीर्षक | बार्षिक बजेट | खर्च | खर्च(%) | मौज्दात |
|---|---|---|---|---|
| चालु | ७०,७५,८९,५००.०० | ९,५३,२४,२९७.५९ | १३.४७ | ६१,२२,६५,२०२.४१ |
| २११११ पारिश्रमिक कर्मचारी | २५,६९,६०,०००.०० | ४,२१,११,७३०.३१ | १६.३९ | २१,४८,४८,२६९.६९ |
| २११२१ पोशाक | २०,६२,५००.०० | ०.०० | ० | २०,६२,५००.०० |
| २११२२ खाद्यान्न | २,००,०००.०० | ०.०० | ० | २,००,०००.०० |
| २११२३ औषधीउपचार खर्च | २,००,०००.०० | ०.०० | ० | २,००,०००.०० |
| २११३२ महंगी भत्ता | १६,८०,०००.०० | ३,९०,०००.०० | २३.२१ | १२,९०,०००.०० |
| २११३४ कर्मचारीको बैठक भत्ता | १४,५०,०००.०० | १,५३,६२०.०० | १०.५९ | १२,९६,३८०.०० |
| २११३५ कर्मचारी प्रोत्साहन तथा पुरस्कार | १,६७,०००.०० | ०.०० | ० | १,६७,०००.०० |
| २११३९ अन्य भत्ता | ६९,५०,०००.०० | ७,२१,०३२.०० | १०.३७ | ६२,२८,९६८.०० |
| २११४१ पदाधिकारी बैठक भत्ता | १०,००,०००.०० | १,१७,०००.०० | ११.७ | ८,८३,०००.०० |
| २११४२ पदाधिकारीअन्य सुबिधा | ७१,४६,०००.०० | २३,७८,०००.०० | ३३.२८ | ४७,६८,०००.०० |
| २११४९ पदाधिकारी अन्य भत्ता | १२,६६,०००.०० | ४,२२,०००.०० | ३३.३३ | ८,४४,०००.०० |
| २१२११ कर्मचारीको सामाजिक सुरक्षा कोष खर्च | ४०,००,०००.०० | ०.०० | ० | ४०,००,०००.०० |
| २१२१२ कर्मचारीको योगदानमा आधारित निवृत्तभरण तथा उपदान कोष खर्च | ७०,०००.०० | २३,६२१.२८ | ३३.७४ | ४६,३७८.७२ |
| २१२१३ कर्मचारीको योगदानमा आधारित बीमा कोष खर्च | ४,००,०००.०० | ०.०० | ० | ४,००,०००.०० |
| २१२१४ कर्मचारी कल्याण कोष | ७०,००,०००.०० | ०.०० | ० | ७०,००,०००.०० |
| २२१११ पानी तथा बिजुली | २०,७०,०००.०० | ३,०४,३५८.०० | १४.७ | १७,६५,६४२.०० |
| २२११२ संचार महसुल | २०,८०,०००.०० | ४३,४२८.०० | २.०९ | २०,३६,५७२.०० |
| २२११३ सार्वजनिक उपयोगिताको सेवा खर्च | १५,००,०००.०० | ०.०० | ० | १५,००,०००.०० |

1.

स्थानीय सरकार मध्यपुर थिमि नगरपालिका २०७३

# आय व्ययको विवरण

आ.व. : २०८१/८२ अवधी : २०८१/०७/०१-२०८१/०९/२९

**आय**

| | | | | |
|---|---|---|---|---|
| आभिबृद्धि कर | | | | |
| ११४२१ बाँडफाँड भई प्राप्त हुने अन्त:शुल्क | २,६६,९७,९२६.०० | ६९,२९,९८६.७८ | २५.९६ | १,९७,६७,९३९.२२ |
| ११४५६ बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर | ४,२१,५०,५००.०० | १,०७,१५,३९९.७४ | २५.४२ | ३,१४,३५,१००.२६ |
| ११४७१ बाँडफाँडबाट प्राप्त हुने मनोरञ्जन कर | ३५,००,०००.०० | ०.०० | ० | ३५,००,०००.०० |
| ११४७२ बाँडफाँडबाट प्राप्त हुने विज्ञापन कर | ३०,००,०००.०० | ०.०० | ० | ३०,००,०००.०० |
| अन्तरिक श्रोत | ६१,५३,०८,०००.०० | ४,७८,२९,६०८.६९ | ७.७७ | ५६,७४,७८,३९१.३१ |
| ११३१३ सम्पती कर | ५,५०,००,१००.०० | १,१६,६४,९५१.५७ | २१.२१ | ४,३३,३५,०४८.४३ |
| ११३१४ भुमिकर/ मालपोत | १५,००,०००.०० | २,२९,४४९.०६ | १५.३ | १२,७०,५५०.९४ |
| ११३१७ वहाल कर | १०,५०,००,०००.०० | १,६१,९६,३७९.५४ | १५.४३ | ८,८८,०३,६२०.४६ |
| ११३१८ वहाल विटौरी कर | ३०,०००.०० | ०.०० | ० | ३०,०००.०० |
| ११४५१ सवारी साधन कर (साना सवारी) | १०,०००.०० | ०.०० | ० | १०,०००.०० |
| ११४७९ अन्य मनोरञ्जन कर | १०,०००.०० | ०.०० | ० | १०,०००.०० |
| ११६९१ अन्य कर | १०,००,०००.०० | १,०००.०० | ०.१ | ९,९९,०००.०० |
| १४१५१ सरकारी सम्पत्तीको बहालबाट प्राप्त आय | २,५०,०००.०० | ०.०० | ० | २,५०,०००.०० |
| १४२१३ अन्य बिक्रीबाट प्राप्त रकम | १,५०,०००.०० | ८,१६०.०० | ५.४४ | १,४१,८४०.०० |

**व्यय**

| | | | |
|---|---|---|---|
| २२२११ इन्धन (पदाधिकारी) | ७,५०,०००.०० | ६२,५१०.०० | ८.३३ |
| २२२१२ इन्धन (कार्यालय प्रयोजन) | ४५,००,०००.०० | ११,३५,७२१.०० | २५.२४ |
| २२२१३ सवारी साधन मर्मत खर्च | ४५,६०,०००.०० | १९,०२,६५०.०० | ४१.७२ |
| २२२१४ बिमा तथा नवीकरण खर्च | २२,००,०००.०० | ४५,११३.०० | २.०४ |
| २२२२१ मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | ६,००,०००.०० | २,२६,६२७.०० | ३७.७७ |
| २२२३१ निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च | ४७,८०,०००.०० | ९,०६,८७५.०० | १८.९७ |
| २२२९१ अन्य सम्पत्तिहरूको संचालन तथा सम्भार खर्च | २,००,०००.०० | ०.०० | ० |
| २२३११ मसलन्द तथा कार्यालय सामाग्री | ६१,००,०००.०० | ३,२०,८३७.०० | ५.२६ |
| २२३१२ पशुपंक्षीहरूको आहार | १,००,०००.०० | ०.०० | ० |
| २२३१३ पुस्तक तथा सामग्री खर्च | ३,००,०००.०० | १,२२,००[illegible] | ४०.६७ |
| २२३१४ इन्धन - अन्य प्रयोजन | ५०,०००.०० | [illegible] | ० |
| २२३१५ पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | ५३,००,०००.०० | [illegible] | [illegible] |
| २२३१९ अन्य कार्यालय संचालन खर्च | २८,५०,०००.०० | [illegible] | [illegible] |
| २२४११ सेवा र परामर्श खर्च | १,५०,५०,०००.०० | २४,५६,७२२.०० | [illegible] |
| २२४१२ सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च | २०,००,०००.०० | ०.०० | ० |
| २२४१३ करार सेवा शुल्क | ३,३८,४४,०००.०० | ८८,३७,८१०.०० | २६.११ |
| २२४१४ सरसफाईसेवा शुल्क | ६४,००,०००.०० | ६,३९,४०८.०० | ९.९९ |
| २२५११ कर्मचारी तालिम खर्च | २६,००,०००.०० | ०.०० | ० |
| २२५१२ सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च | १,७८,०७,०००.०० | १९,२१,९५७.०० | १०.८४ |
| २२५२१ उत्पादन सामग्री / सेवा खर्च | २,२०,२०,०००.०० | ३,८२,६००.०० | १.७४ |
| २२५२२ कार्यक्रम खर्च | १९,७२,९१,०००.०० | १,७०,२०,०५३.०० | ८.६३ |

मध्यपुर थिमी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, भक्तपुर
कार्यालयको कोड : ८०३३३४०३३००

आय-व्ययको विवरण

आ.व. : २०८१/८२ अवधी : २०८१/०७/०१-२०८१/०९/२९

**आय**

| | | | | |
|---|---|---|---|---|
| १४२१९ अन्य सेवा शुल्क तथा बिक्री | १,१०,००,०००.०० | १६,५५,०५८.८३ | १५.०५ | ९३,४४,९४१.१७ |
| १४२२१ न्यायिक दस्तुर | १०,०००.०० | ०.०० | ० | १०,०००.०० |
| १४२२३ शिक्षा क्षेत्रको आम्दानी | १०,०००.०० | ०.०० | ० | १०,०००.०० |
| १४२२४ परीक्षा शुल्क | १०,०००.०० | ०.०० | ० | १०,०००.०० |
| १४२२९ अन्य प्रशासनिक सेवा शुल्क | १०,०००.०० | १,७४,०००.०० | १७४० | (१,६४,०००.००) |
| १४२४१ पार्किङ्ग शुल्क | १०,०००.०० | ०.०० | ० | १०,०००.०० |
| १४२४२ नक्सापास दस्तुर | १०,७०,००,०००.०० | ४३,९४,०६६.५१ | ४.११ | १०,२६,०५,९३३.४९ |
| १४२४३ सिफारिश दस्तुर | २,००,००,०००.०० | ९,९४,४१४.९७ | ४.९७ | १,९०,०५,५८५.०३ |
| १४२४४ व्यक्तिगत घटना दर्ता दस्तुर | ३,५०,०००.०० | ५०,१००.०० | १४.३१ | २,९९,९००.०० |
| १४२४५ नाता प्रमाणित दस्तुर | ७,००,०००.०० | १,०८,४१०.०० | १५.५ | ५,९१,५९०.०० |
| १४२४९ अन्य दस्तुर | ४४,००,०००.०० | ६,५९,५४९.३३ | १४.८३ | ३७,४०,४५०.६७ |
| १४२५३ व्यावसाय रजिष्ट्रेशन दस्तुर | ७०,००,०००.०० | ६,८२,५००.०० | ९.७५ | ६३,१७,५००.०० |
| १४२५४ रेडियो/ एफ.एम. सञ्चालन दस्तुर | ५,०००.०० | ०.०० | ० | ५,०००.०० |
| १४२६५ अन्य क्षेत्रको आय | १,०००.०० | ०.०० | ० | १,०००.०० |
| १४३१२ प्रशासनिक दण्ड, जरिवाना र जफत | १,९२,५०,०००.०० | १२,१७,६००.०० | ६.३३ | १,८०,३२,४००.०० |

**व्यय**

| | | | | |
|---|---|---|---|---|
| २२५२९ विविध कार्यक्रम खर्च | ८,२०,०००.०० | ०.०० | ० | ८,२०,०००.०० |
| २२६११ अनुगमन, मूल्यांकन खर्च | २१,२०,०००.०० | ०.०० | ० | २१,२०,०००.०० |
| २२६१२ भ्रमण खर्च | १६,५०,०००.०० | २,२३,४९४.०० | १३.५५ | १४,२६,५०६.०० |
| २२७११ विविध खर्च | ५२,५१,०००.०० | ११,६५,०२८.०० | २२.१९ | ४०,८५,९७२.०० |
| २२७२१ सभा सञ्चालन खर्च | ५०,००,०००.०० | ०.०० | ० | ५०,००,०००.०० |
| २५३१४ धार्मिक तथा सांस्कृतिक संस्था सहायता | २,०५,००,०००.०० | २६,५३,४५४.०० | १२.९४ | १,७८,४६,५४६.०० |
| २७११२ अन्य सामाजिक सुरक्षा | १,८८,३०,०००.०० | ३४,६७,५००.०० | १८.४१ | १,५३,६२,५००.०० |
| २७२१२ उद्दार, राहत तथा पुनर्स्थापना खर्च | ४,००,०००.०० | ०.०० | ० | ४,००,०००.०० |
| २७२१३ औषधीखरिद खर्च | ८२,६७,०००.०० | १६,७२,०५४.०० | २०.२३ | ६५,९४,९४६.०० |
| २८१४२ घरभाडा | ८६,२२,९४०.०० | १७,३४,७१६.०० | २०.१२ | ६८,८८,२२४.०० |
| २८२११ राजस्व फिर्ता | ५,००,०००.०० | ०.०० | ० | ५,००,०००.०० |
| २८२१९ अन्य फिर्ता | २१,२५,०६०.०० | ०.०० | ० | २१,२५,०६०.०० |
| २८९११ भैपरी आउने चालु खर्च | ८०,००,०००.०० | ०.०० | ० | ८०,००,०००.०० |
| पूंजीगत | ९८,३३,२४,०००.०० | ६,६७,९५,७१०.०० | ६.७९ | ९१,६५,२८,२९०.०० |
| ३११११ आवासीय भवन निर्माण/खरिद | ६,८८,००,०००.०० | ८,५५,६००.०० | १.२४ | ६,७९,४४,४००.०० |
| ३१११२ गैर आवासीय भवन निर्माण/ खरिद | ५,१९,३५,०००.०० | १६,३४,०००.०० | ३.१५ | ५,०३,०१,०००.०० |
| ३१११३ निर्मित भवनको संरचनात्मक सुधार खर्च | २०,००,०००.०० | ०.०० | ० | २०,००,०००.०० |
| ३१११४ जग्गा विकास कार्य | १,००,००,०००.०० | ०.०० | ० | १,००,००,०००.०० |
| ३११२१ सवारी साधन | १,१८,००,०००.०० | ०.०० | ० | १,१८,००,०००.०० |
| ३११२२ मेशिनरी तथा औजार | ४,२६,६९,२६०.०० | ३०,६२,२१४.०० | ७.१८ | ३,९६,०७,०४६.०० |
| ३११२३ फर्निचर तथा फिक्चर्स | ३५,००,०००.०० | ८०,७९५.०० | २.३१ | ३४,१९,२०५.०० |
| ३११३४ कम्प्युटर सफ्टवयर निर्माण तथा खरीद खर्च | ५,००,०००.०० | ०.०० | ० | ५,००,०००.०० |

3.

## आय व्ययको विवरण

आ.व. : २०८१/८२ अवधी : २०८१/०७/०१-२०८१/०९/२९

**आय**

| | | | | |
|---|---|---|---|---|
| १४३१३ धरौटी सदरस्याहा | १,००,०००.०० | ०.०० | ० | १,००,०००.०० |
| १४५११ बीमा दावी प्राप्ति | १,०००.०० | ०.०० | ० | १,०००.०० |
| १४५२९ अन्य राजस्व | १,०००.०० | ०.०० | ० | १,०००.०० |
| १४६११ व्यवसाय कर | ३,००,००,०००.०० | ९६,१२,३८४.८८ | ३२.०४ | २,०३,८७,६१५.१२ |
| १५१११ बेरूजू | २५,००,०००.०० | १,८८,५०४.०० | ७.५४ | २३,११,४९६.०० |
| ३२१२२ बैंक मौज्दात | २५,००,००,०००.०० | ०.०० | ० | २५,००,००,०००.०० |
| जनसहभागिता | १,००,००,०००.०० | १,७५,६००.०० | १.७६ | ९८,२४,४००.०० |
| १३४१२ अन्य व्यक्तिगत आन्तरिक अनुदान | १,००,००,०००.०० | १,७५,६००.०० | १.७६ | ९८,२४,४००.०० |
| जम्मा | १,६९,०९,१३,५००.०० | ३१,२४,१७,६४७.६० | १८.४७ | १,३७,८४,९५,८५२.४० |

**व्यय**

| | | | |
|---|---|---|---|
| ३११५१ सडक तथा पूल निर्माण | २९,८३,१४,०००.०० | १,४५,४६,०९८.०० | ४.८७ |
| ३११५३ विद्युत संरचना निर्माण | १,७७,५०,०००.०० | १,५५,३९,१७५.०० | ८७.५४ |
| ३११५५ सिंचाई संरचना निर्माण | २६,६०,०००.०० | ०.०० | ० |
| ३११५६ खानेपानी संरचना निर्माण | ३८,००,०००.०० | ०.०० | ० |
| ३११५८ सरसफाई संरचना निर्माण | ५०,२५,०००.०० | ६,३३,०००.०० | १२.६ |
| ३११५९ अन्य सार्वजनिक निर्माण | ४४,२४,१५,०००.०० | २,८६,०२,३३८.०० | ६.४७ |
| ३११६१ निर्मित भवनको संरचनात्मक सुधार खर्च | ७५,००,०००.०० | १८,४२,४९०.०० | २४.५७ |
| ३१४११ जग्गाप्राप्ति खर्च | २०,००,०००.०० | ०.०० | ० |
| ३१५११ भैपरी आउने पूँजीगत | १,२५,७५,७४०.०० | ०.०० | ० |
| जम्मा | १,६९,०९,१३,५००.०० | १६,२१,२०,००७.५९ | ९.५८ १ |

५.

स्थानीय सरकार मध्यपुर थिमि नगरपालिका २०७३

(१३) तोकिए बमोजिमको अन्य विवरण:

नियमानुसार तोकिए बमोजिमका अन्य विवरण समेत यस नगरपालिकाको वेबसाइट **www.madhyapurthimimun.gov.np** मा राखिएको छ ।

(१४) अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सोको विवरण :

यस नगरपालिकाले हरेक आर्थिक वर्षको लागि नगर सभाबाट स्वीकृत बजेट नीति तथा कार्यक्रम बमोजिम समय समयमा विभिन्न प्रकारका नगरपालिकाको क्षेत्राधिकारसँग सम्बन्धित कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ ।

(१५) सार्वजनिक निकायको वेबसाइट भए सोको विवरण :

यस नगरपालिकासँग सम्बन्धित संक्षिप्त विवरण एवं सूचनाहरु जानकारीको लागी मध्यपुर थिमि नगरपालिकाको आफ्नै वेबसाईमा **www.madhyapurthimimun.gov.np** रहेकोछ ।

(१६) सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण:

नेपाल सरकार, प्रदेश सरकार बागमती प्रदेशबाट अन्तर–सरकारी वित्त व्यवस्थापन ऐन, २०७४, प्रचलित ऐन, नियममा तोकिए बमोजिम वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धी भए गरेमा सो को विस्तृत विवरण यस नगरपालिकाको वेबसाईट **www.madhyapurthimimun.gov.np** मा राखिनेको छ ।

(१८) सार्वजनिक निकायको वर्गिकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधी :

यस नगरपालिकाको सम्पूर्ण सूचना, विवरण, तथ्याङ्क एवं आवश्यक दस्तावेजहरुको वर्गिकरण नगरेको तर त्यस्ता सूचनाहरु नगरपालिकाले प्रचलित ऐन, नियमानुसार सुरक्षित राख्ने गरिएको छ ।

(१९) सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको विवरण:

नेपाली नागरिक,सेवाग्राही एवं सरोकारवाला व्यक्तिहरुले नगरपालिकासँग माग गरेको सूचना नियमानुसार उपलब्ध गराउने गरिएको छ । मिति २०८१ कार्तिक १ गते देखि मिति २०८१ पौष मसान्त सम्मको सूचना माग भएको विवरण निम्नानुसार रहेको ।

स्थानीय सरकार
मध्यपुर थिमि नगरपालिका
२०७३

| सि.नं | दर्ता मिति | सूचना कर्ताको नाम | ठेगाना | जानकारी पठाएको मिति | सूचना दिइएको तह | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | २०८१/०७/२ | जेनिस बाडे | थिमि | २०८१ /०७/०२ | सूचना अधिकारी | विनियोजित बजेट |
| २ | २०८१/०८/१७ | रुक्शाना कपाली | ललितपुर मा.न.पा वडा नं १६ ललितपुर जिल्ला ,बागमति प्रदेश | २०८१ /०८/१७ | सूचना अधिकारी | बागमति प्रदेशबाट जारी प्रदेश सरकारी कामकाजको भाषा ऐन २०८० बमोजिम तामाङ्ग भाषा र नेपाल भाषा को सरकारी कामकाजको प्रयोग सम्बन्धमा सूचना तथा बिबरण |

२०) २०८१ कार्तिक १ गते देखि २०८१ पौष मसान्त सम्मको हलो सरकार बाट मार्फत प्राप्त उजुरी गुनासो विवरण यस प्रकार रहेको छ ।

| सि.नं | दर्ता मिति | सूचना कर्ताको टिकट नम्वर | गुनासोको बिषय | ठेगाना | जानकारी पठाएको मिति | जानकारी उपलब्ध गर्ने तह | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | २०८१/०७/०२ | HS-WEB-71868 | स्वास्थ्य सामाग्री बिग्रेको बारे । | ने.को .मै .न .अ | २०८१/०७/०२ | गुनासो सुन्ने अधिकारी | स्वास्थ्य सामाग्री |
| २ | २०८१/०७/६२ | HS-WEB-72640 | श्रम रोजगार सम्वन्धि | ने.को .मै .न .अ | २०८१/०७/२६ | गुनासो सुन्ने अधिकारी | कर्मचारी सम्बन्धि |
| ३ | २०८१/०८/०७ | HS-WEB-73267 | फुटपाथ बिगारिएको बारे | ९८४१३४७९७२ | २०८१/०८/०७ | गुनासो सुन्ने अधिकारी | फुटपाथ बारे |
| ४ | २०८१/०८/२८ | HS-WEB-74081 | फुटपाथ | वडा नं ५ | २०८१/०८/२८ | गुनासो सुन्ने अधिकारी | फुटपाथ समेत |
| ५ | २०८१/०९/०५ | HS-WEB-74505 | अखाध्य खाना सम्बन्धि | वडा नं ३ | २०८१/०९/०५ | गुनासो सुन्ने अधिकारी | अखाध्य खाना |

स्थानीय सरकार
मध्यपुर थिमि नगरपालिका
२०७३

२१) आ.ब २०८१।०८२ को ११ औ नगरसभा २०८१ साल पौष २९ गते सोमबार सम्पन्न भएको ।

२२) आ.ब २०८१।०८२ को मिति २०८१ साल पौष २९ गते सोमबार सम्पन्न ११ औ नगरसभामा मुख्य रुपमा देहाय बमोजिम निर्णय भएको ।

तपसिल

क) मध्यपुर थिमि नगरपालिकाको शिक्षा ऐन, २०७९ को दोश्रो संशोधन विधेयक २०८१ स्वीकृत गर्ने ।

ख) मध्यपुर थिमि नगरपालिकाको सहकारी ऐन, २०७९ को पहिलो संशोधन विधेयक २०८१ स्वीकृत गर्ने ।

ग) नगरपालिकाको प्रस्तावित प्रशासकीय भवन निर्माणको विस्तृत परियोजना प्रतिवेदन (DPR) स्वीकृत गरी तत्काल टेण्डर प्रक्रिया अगाडि बढाउने ।

घ) नगरपालिका क्षेत्र भित्रको बस्ती विकासको सन्दर्भमा परियोजनाको सम्भाव्यता अध्ययन प्रतिवेदन र नगरपालिकाबाट गठित प्राविधिक समितिबाट सम्भाव्यता देखिएको क्षेत्रहरुमा (कालाडोल क्षेत्र, बुढाथोकी गाँउ, कोलाफाँट, गांखु कुण्डोल , विसन्तकी, सिद्धिगणेश, राधेराधे तत्काल बस्ती विकास योजना क्रमश लागु गर्ने र सम्भाव्यता नदेखिएको क्षेत्रहरुमा नक्शा पास फुकुवा गरी प्रचलित कानून बमोजिम त्यसको नियमित र अभिलेखिकरण गर्ने र साथै अन्य क्षेत्रहरुको हकमा प्राविधिक प्रतिवेदन तथा सम्भाव्यता अध्ययनको आधारमा बस्ती विकास योजना अगाडी बढाउने र सम्भाव्यता नरहेको स्थानमा नक्शा पास फुकुवा गरी प्रचलित कानून बमोजिम त्यसको नियमित र अभिलेखिकरण गर्ने ।

ङ) चालु आ.व. २०८१।०८२ को बजेट/कार्यक्रमहरु आवश्यकता र औचित्यका आधारमा संशोधन गर्ने ।

च) आ.व.२०८२।०८३, २०८३।०८४ र २०८४।०८५ को राजस्व आय प्रक्षेपण गर्ने ।

२३) सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएमा वा हुने भएको भए सोको विवरणः-

महत्वपूर्ण सूचनाहरु राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित गर्ने र त्यस्तो विवरण नगरपालिका वेबसाइट राख्ने गरिएको छ ।भक्तपुर एफ.एमबाट नगरपालिका सम्बन्धी सूचना, तथ्याङ्क र गतिविधिहरु सार्वजनिक भैरहेका छन् ।

केशब सिलवाल
सुचना अधिकारी

मिति : २०८१/१०/०४

बोधार्थ : श्री राष्ट्रिय सुचना आयोग
काठमाडौं ।
श्री जिल्ला प्रशासन कार्यालय
भक्तपुर ।

स्थानीय सरकार
मध्यपुर थिमि नगरपालिका
२०७३